व्यास नगरकार्यपालिकाको १९७ औं बैठक आज मिति २०८१/६/२१ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.८ | - श्री राम प्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/०६/०७ गते भएको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: हालसालै भएको बाढी पहिरोजन्य विपद सम्बन्धमा ।

प्रस्ताव नं.३: मादी नदी, सेती नदी तर्फको ढुंगा गिट्टी बालुवाको टेण्डर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४: बडादशैं, शुभ-दीपावली, छठ पर्व २०८१ र नेपाल सम्वन ११४५ को सर्न्दभमा शुभकामना दिने सम्बन्धमा ।

प्रस्ताव नं.५: नगरस्तरीय विनियोजित बजेट शिर्षक संसोधन सम्बन्धमा ।

प्रस्ताव नं.६: वडा नं. ३ बाट विनियोजित बजेट शिर्षक संसोधन सम्बन्धमा ।

प्रस्ताव नं.७: प्रदेश सरकारसँगको नवप्रवर्तनीय कार्यक्रममा विनियोजित बजेट सम्बन्धमा ।

प्रस्ताव नं.८: शिक्षक कामकाजमा खटाउने सम्बन्धमा ।

प्रस्ताव नं.९: प्रधानमन्त्री राहत कोषमा सहयोग प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी समझदारी पत्र अनुमोदन सम्वन्धमा

प्रस्ताव नं.११: नगरस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना कार्यदल गठन सम्बन्धमा ।

प्रस्ताव नं.१२: खानेपानी तथा सरसफाई स्वच्छता योजना अन्तर्गत फोकल पर्सन तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं.१३: यस आर्थिक वर्षको २०८१ असोज २० गतेसम्मको अन्तरिक आय सम्वन्धमा ।

प्रस्ताव नं.१४: गजुरे स्वास्थ्य चौकी ब्यास-९ मा रहेको एम्बुलेन्स व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५: सरसफाई सम्बन्धी सक्सन ट्याङ्कीको शुल्क सम्वन्धमा

प्रस्ताव नं.१६: व्यवसाय कर उठाउने कर्मचारीलाई खाजा ब्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१७: विपदजन्य कार्यमा रकम विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.१८: पसल कवलको भाडा रकम भुक्तानीको समयावधी सम्बन्धमा ।

प्रस्ताव नं.१९: बाटो बिस्तारमा सहयोगका लागि अनुरोध गर्ने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/०६/०७ गते भएको कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुदाँ हालसालै आएको बाढी पहिरोबाट असर परेका घर, खानेपानी, सडक, संरचना, खाद्यान्न/बाली लगायतका वडागत विवरण अनुसार तत्काल पुर्नस्थापना गर्न र नोक्सानी वालीको हकमा प्रदेश सरकारसँग माग गर्ने र घर पुर्ण क्षती भएमा जिल्ला विपद समितिमा सहयोगका लागि आवश्यक कागज पत्र (प्रहरी मुचुल्का समेत) सहित अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मादी नदी (वडा नं.५, ६, ७, र १०) सेती नदी (वडा नं. १३ र १४) अन्तर्गत ढुंगा, गिट्टी, वालुवा बिक्री सम्बन्धमा प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदन एवं यस नगरपालिकाका प्राविधिक प्रतिवेदनका आधारमा राजश्व परामर्श समितिको सिफारिस अनुसार मादी नदी तर्फ एक र सेती नदी तर्फ एक अलग-अलग निम्नानुसार परिमाणको नदिजन्य पदार्थ एवं न्युनतम रकम कायम गरी आर्थिक ऐन अनुसार टेण्डर गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.स. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम रु. ( कर बाहेक) | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | मादी नदीको ढुङ्गा, गिट्टी वालुवा (चापाघाट मादी नदीको पक्की पुलदेखि सिशाघाटको पक्की पुलसम्म) | ३५,६१,४७५।७७ | ३,२०,५३,२८१।९३ | रु.९।- प्रति क्यू फिट |
| २ | मादी-सेती नदीको ढुङ्गा, गिट्टी, वालुवा ( ब्यास १३ निउरोघारीदेखि खहरे ढाँडखोलासम्म ) | ९,७८,६९५।०२ | ८८,०८,२५५।१८ | रु.९।- प्रति क्यू फिट |

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा बडादशैं, शुभ-दिपावली, छठ पर्व २०८१ र नेपाल सम्वत ११४५ को उपलक्ष्यमा सम्पुर्ण नगरवासी दाजु-भाई दिदी-बहिनीहरुलाई सद्भाव र सकारात्मक सोंचको विकास एवं सु-स्वास्थ्यको कामना गर्दै वातावरण मैत्री नगरपालिका निर्माणमा सहयोग प्रदान गरिदिनु हुन र डेंगु लगायतका रोगहरुबाट सचेत रहन समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुदा आ.व. २०८१/०८२ को बजेट कार्यक्रम शिर्षक ८५८ (वजेट संकेत ७८५) अन्तर्गत आदिकवि भानुभक्त क्याम्पसको पूर्वाधार निर्माणमा रहेको रू.२५,००,०००। ( अक्षेरुपी पच्चीस लाख मात्र) सोही क्याम्पसका अन्य आवश्यक पूँजीगत कार्यमा खर्च गर्ने गरी सामान्य संसोधन गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.०८१/०८२ को बजेट क्र.स. ५०२ (संकेत नं. ४२९) मा महर्षि वेदव्यास संस्कृत मा.वि. भवन मर्मत तथा रंग रोगनमा विनियोजित रू.३,००,०००। (अक्षरुपी तीन लाख मात्र) सोही विद्यालयको ट्रस निर्माणमा खर्च गर्ने गरी सामान्य संशोधन गरी आगामी नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को बजेट शिर्षक नं. ८०६, ८०७ मा रहेको नवप्रवर्तनीय कार्यक्रम यस वर्ष स्वीकृत नभएकाले वजेट शिर्षक नं.८०७ मा रहेको रू.३०,००,०००। (अक्षेरुपी तीस लाख मात्र) मध्ये रू.२०,००,०००। (अक्षेरुपी बीस लाख मात्र) शिर्षकमा र रू.१०,००,०००। (अक्षेरुपी दश लाख मात्र) पूँजीगत विविध शिर्षक अन्तर्गत स्थानान्तरण गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ सम्बन्धमा छलफल हुँदा लक्ष्मी आधारभूत विद्यालय ब्यास वडा नं.९ मा कार्यरत प्रा.वि. स्थायी दरवन्दीका शिक्षक श्री रञ्जनराज गौतमलाई जनजुक्त शाही मा.वि. ब्यास ५ को रिक्त प्रा.वि. दरबन्दीमा कामकाज गर्ने गरी व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा हालसालै आएको राष्ट्रिय विपत्तिमा यस नगरपालिकाको विपद कोषबाट खर्च हुने गरी रू.५,००,०००। (अक्षेरुपी पाँच लाख मात्र) प्रधानमन्त्री राहत कोषमा सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदां संघीय खानेपानी मन्त्रालय र ब्यास नगरपालिकाका तर्फबाट नगर प्रमुखका बीच मिति २०८१/०६/११ गते भएको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजनाको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा ब्यास नगरपालिका खानेपानी सरसफाई तथा स्वच्छता योजना (खासस्व) कार्यदल निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

१) संयोजक श्री वैकुण्ठ न्यौपाने (नगर प्रमुख)
२) सदस्य श्री इन्दिरा दरै (उपप्रमुख)
३) सदस्य श्री काशी राम गैरे (प्रमुख प्रशासकीय अधिकृत)
४) सदस्य श्री सुरेश थापा (संयोजक पुर्वाधार विकास समिति)
५) सदस्य डा. राजु पौडेल (पूर्वाधार विकास शाखा प्रमुख)
६) सदस्य श्री ई. अमृत के.सी. (घर नक्सापास शाखा प्रमुख )

७) सदस्य सचिव श्री ई. सुवास गौतम (फोर्कल पर्सन)

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका खानेपानी सरसफाई तथा स्वच्छता योजना (खासस्व) फोर्कल पर्सनमा ई. सुवास गौतमलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा यस आर्थिक वर्षमा २०८१/०४/०१ देखि २०८१/०६/२० सम्म कुल आन्तरिक आय रू.२,८४,६४,०२२/२२ (अक्षेरुपी दुई करोड चौरासी लाख, चौसठ्ठी हजार बाइस रुपैया पैसा बाइस मात्र) र विभाज्य कोष अन्तर्गतको रू. ८४,७९,०५२/- (अक्षेरुपी चौरासी लाख उनासी हजार बाउन्न रुपैंया मात्र) समेत जम्मा रू. ३,६९,४३,०७४/२२ (अक्षेरुपी तिन करोड उनान्सत्तरी लाख, त्रिचालिस हजार चौहत्तर रुपैंया पैसा बाइस मात्र) रहेको बैठकमा जानकारी प्राप्त गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्वन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा न. ९ गजौडे स्थित गजुरे स्वास्थ्य चौकीमा हाल दुई वटा एम्बुलेन्स रहेकोमा सम्बन्धित स्वास्थ्य समितिको निर्णयानुसार ग१भ्क. ६५० नं.को एम्बुलेन्स यस नगरपालिकामा ल्याई हाल यस नगरपालिकामा रहेको एम्बुलेन्सलाई शव वाहनमा परिणत गर्ने र गजुरे स्वास्थ्य चौकीमा रहेको अर्को एम्बुलेन्स व्यवस्थापन गर्न समितिलाई सम्बन्धित शिर्षकबाट रू.२,५०,०००। (अक्षेरुपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने गरी सम्बन्धित निकायमा जानकारी एवं अनुमति लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले प्रयोगमा ल्याई रहेको सक्सन ट्याङ्कीको सेवा शुल्क यस वर्ष आर्थिक ऐनमा समावेश हुन छुट भएकोले आर्थिक वर्ष २०८०/०८१ को दर अनुसार निम्न दर कायम गरी यस आ.व. मा सेवा शुल्क र पारिश्रमिक उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्षेत्र | विवरण | शुल्क प्रति ट्यांकर रू. | इन्धन शुल्क प्रति ट्यांकर रू. | चालक/सहयोगी भत्ता प्रति ट्यांकर रू. |
|---|---|---|---|---|
| व्यास न.पा. भित्र | व्यास न.पा. १० कि.मी. भित्र प्रति पटक | ५,०००। | ९००। | चालक ६००। सहयोगी ४००। |
| | व्यास न.पा. १०-२० कि.मी. भित्र प्रति पटक | ५,०००। | १,८००। | |
| | व्यास न.पा. २० कि.मी. भन्दा माथि प्रति पटक | ५,०००/- | १,८००। मा थप प्रति ४ कि.मि. मा ४००। को दरले | |
| व्यास न.पा. बाहिर | व्यास न.पा.बाहिर २० कि.मी. भित्र प्रति पटक | १०,०००। | २,०००। | चालक १,०००। सहयोगी ६००। |
| | व्यास न.पा. बाहिरा २० कि.मि. भन्दा माथि प्रति पटक | १०,०००/- | २,०००। मा थप प्रति ४ कि.मि. मा ४००। को दरले | |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अर्न्तगत फिल्डमा गई व्यवसाय कर उठाउन खटिने कर्मचारीलाई खाजा खर्च बापत नगदी रसिदबाट उठेको रकमको २ प्रतिशतले हुन आउने खाजा खर्च बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा हालै भएको बाढी-पहिरो लगायतका प्राकृतिक विपदले गर्दा चौपाय तथा पशु-पंक्षीमा भएको क्षतीका सम्बन्धमा बिमा भएमा राहत उपलब्ध नगराउने र बिमा नभएमा मात्र कार्यविधि अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वामित्वमा रहेको पसल कवलहरुको भाडा रकम प्रत्येक महिना भुक्तान भएपछि अर्को महिनाको १० गतेभित्र भुक्तानी गरेमा २% का दरले छुट दिने साथै १० गतेभित्र भाडा भुक्तानी नगरेमा ११ गतेदेखि चालु महिनाको मसान्तसम्म कुनै जरिवाना नलाग्ने र दोश्रो, तेश्रो महिना पनि मासिक भाडा नबुझाउनेको हकमा मासिक २/२ प्रतिशतका दरले थप जरिवाना लिनका लागि राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ अन्तर्गत मालपोत कार्यालयबाट देउराली नगर तर्फ जाने बाटोमा हाल वडा नं.३ को बजेटबाट बाटो बिस्तार अभियान चलिरहेकाले मालपोत कार्यालय, खानेपानी कार्यालय, सिंचाई डिभिजन कार्यालय र जिल्ला हुलाक कार्यालयलाई बाटो बिस्तारमा सहजीकरण गरिदिनु हुन अनुरोध गर्ने निर्णय गरियो । साथै व्यास नगरपालिका वडा नं. २ पृथ्वी राजमार्गबाट उत्तरशीला चलचित्र भवनको आडबाट वडा नं.१ भादगाउँ तर्फ जाने बाटोमा सुरक्षाको दृष्टिकोणलाई मध्यनजर दिई उत्तरशिला चलचित्र भवनको पूर्व उत्तर तर्फको घुम्तीमा भएको पक्की पर्खाल करिव ७ फिट लम्बाई २ फिट चौडाई हटाई दिनु हुन भनी सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने र आवश्यक निर्माण वडा वा नगर अन्तर्गतको बजेटबाट व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

***